
# समृद्ध जुम्लाको साझा सङ्कल्पपत्र २०८२

दासता होइन, आस्थाको राजनीति गरौँ !

स्वार्थको  होइन, सेवाको राजनीति गरौँ !!

आश्वासनको होइन सङ्कल्पको राजनीति गरौ !!!



**उम्मेद्‌वार**

**मनऋषि धिताल**

**चुनाव चिह्न**

**आँखा**

## प्रगतिशील लोकतान्त्रिक पार्टी (पी.डि.पी. )

## निर्वाचन क्षेत्र : जुम्ला जिल्ला

*आदरणीय जनसमुदाय !*

म मनऋषि धिताल जुम्लामा जन्मिएर विगत तीन दशकदेखि नेपाली समाजको रुपान्तरण र राजनीतिक आन्दोलनमा निरन्तर क्रियाशील एक इमान्दार सेवक हुँ । पत्रकारितामा त्रिभुवन विश्वविद्यालयबाट स्नातक र पूर्वाञ्चल विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुका साथै विभिन्न रास्ट्रिय तथा अन्तरास्ट्रिय जीवनोपयोगी तालिम तथा प्रशिक्षण प्राप्त एक समाजसेवी हुँ ।

वि.सं. २०४६/४७ को जनआन्दोलनबाट राजनीतिक चेतना लिदै २०५०/२०५१ मा बामपन्थी राजनीतिमा सङ्गठित हुदै मेरो राजनीतिक यात्रा सुरु भएको हो । अध्ययनका क्रममा काठमाण्डौ गएपछि २०५२ देखि २०६३ सम्मको जनयुद्धमा जोखिमपूर्ण  र त्यसपछिको शान्ति प्रक्रियामा वैचारिक र साङ्गठनिक रूपमा मैले महत्वपूर्ण जिम्मेवारीहरू निर्वाह गरेँ । पूर्व माओवादी केन्द्रको केन्द्रीय सदस्यका रूपमा काम गर्दा प्राप्त अनुभव र राज्यको नीति निर्माण प्रक्रियालाई नजिकबाट नियाल्ने अवसरले मलाई आजको अस्थिर राजनीतिमा वैकल्पिक र जनउत्तरदायी मार्ग रोज्न प्रेरित गरेको छ ।

पेशाले म एक पत्रकार र लेखक हुँ । विगत ३० वर्षको व्यवसायिक पत्रकारिताको यात्रामा मैले सधैँ सत्य र न्यायको पक्षमा कलम चलाएँ । अंग्रेजी भाषाको ‘द फाइनल डेज अफ पिपुल्स वार’, नेपाली भाषामा आधादर्जन जनयुद्धका डायारिहरु र पत्रकारिता, समालोचना र कबितामा आधादर्जन अन्य गरि एक दर्जनभन्दा बढी कृतिहरूको लेखन तथा सम्पादनमार्फत् मैले नेपाली समाजको यथार्थलाई दस्तावेजीकरण गर्ने प्रयास गरेको छु ।

‘जनादेश साप्ताहिक’ को सम्पादकका रूपमा काम गर्दा  डा. बाबुराम भट्टराई, पुष्पकमल दाहाल, के.पि. ओली, झलनाथ खनाल, माधव नेपाल लगायत पाँच भूपू प्रधानमन्त्री तथा सयौँ बाम तथा प्रजातान्त्रिक युवा राजनेताका वैचारिक लेख र अन्तरवार्ता सम्पादन प्रकाशन गर्दा होस् वा आफैले नेपालको समसामयिक राजनीतिबारे लेख्दा सधैँ विचारलाई जनताको हितसँग जोड्ने काम गरेँ  । मेरो यो बौद्धिक अनुभव जुम्लाको विकासका लागि स्पष्ट दृष्टिकोण निर्माण गर्ने मुख्य आधार हो ।

मेरो परिचय केवल राजनीति र लेखनमा मात्र सीमित छैन । समाजको निस्वार्थ सेवा मेरो जीवनको अभिन्न पाटो हो । देशमा मात्र नभई विदेशमा रहँदा पनि मैले सङ्कटमा परेका नेपालीहरूको उद्दार, मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिको सहयोग र लागूऔ

षध तथा जुवाको कुलतमा फसेका नेपाली युवाको पुनर्स्थापनाका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेँ । काठमाडौँमा सफाइ अभियानदेखि समुदायस्तरमा पुस्तकालय स्थापना गर्ने कार्यसम्म मैले 'गरे के हुँदैन' भन्ने भावनाका साथ समुदाय संग काम गरेँ । मजदुरहरूको हकअधिकार संरक्षण र शैक्षिक पहुँच विस्तारका लागि मैले गरेका प्रयासहरूले मलाई सधैँ भूँइमान्छेका समस्याहरूसँग एकाकार गराइरह्यो र यो म जारी राख्नेछु ।

आज राष्ट्रिय राजनीतिमा प्रगतिशील तथा लोकतान्त्रिक मूल्य-मान्यता कमजोर हुँदै गएको, भ्रस्टाचार , अन्धविश्वास, दासता र प्रतिगमनले जनताको आवाज दबाइएको वर्तमान परिस्थितिमा मैले यी सबै विरुद्ध वैकल्पिक राजनीतिको झण्डा उठाएको छु । सांसद भएर काठमाडौँमा गएर शासक हुने पुरानो प्रवृत्तिलाई तोड्दै गाउँपालिका र वडा तहका लोकतन्त्रका स्थानीय सञ्जालहरूलाई बलियो बनाउनु मेरो मुख्य लक्ष्य हो । जुम्लाको कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा र पूर्वाधार निर्माणमा रहेका प्रचुर सम्भावनालाई व्यवहारिक कार्ययोजनामा ढाल्दै समृद्ध जुम्लाको नया नक्सा कोर्न प्रतिबद्ध छु । दासताको होइन आस्थाको, स्वार्थको होइन सेवाको, सपनाको होइन सङ्कल्पको राजनीति गरौँ भन्ने प्रतिज्ञाका साथ राजनीतिलाई पुनः जनताको हातमा फर्काउन र जुम्लाको स्वाभिमान उच्च राख्न म यहाँहरूको सेवक प्रतिनिधिको रूपमा उभिएको छु ।

*आदरणीय जनसमुदाय !*

## अलिकति इतिहासलाइ स्मरण गरौं !

२०१५ को आमनिर्वाचनमा जुम्लाबाट भीमप्रकाश श्रेष्ठ र जयबहादुर महतक्षेत्री स्वतन्त्र उम्मेदवारका रुपमा जुम्ला उत्तर र जुम्ला दक्षिणबाट निर्वाचित हुनुभएको थियो । जुम्लालाई राजनीतिक अँध्यारो युगबाट ब्यूँझाएर प्रजातान्त्रिक राजनीतिक इतिहास निर्माणमा उहाँहरु दुवै जनाको महत्वपूर्ण भूमिका रह्यो । २००७ सालकै क्रान्तिमा सहभागी सिंजाका गोपालप्रसाद शर्माको योगदानलाई पनि प्रजातान्त्रिक राजनीतिक जागरणको इतिहासमा हामीले भुल्नेछैनौँ । २०११ मा जुम्लामा कम्युनिष्ट पार्टीको सङ्गठन विस्तारमा आएका रुकुमका कामी बुढाको सहादत जुम्ली जनताले विर्सनुहुँदैन । २०१८ सालको जिल्ला पुर्नसंरचनापछि जुम्लाबाट अदानसिंह कठायत र हरिश्चन्द्र महत पटक पटक राष्ट्रिय पञ्च्यात सदस्य हुनुभयो । आजको जुम्लामा रहेका ठूला भौतिक संरचनाहरु एयरपोर्ट, चन्दननाथ मावि, घुघती वत्ति, अस्पतालको निर्माण, गाउँ गाउँमा विद्यालयहरुको स्थापनामा यी दुई पात्रले खेलेको भूमिकालाई जुम्लाको राजनीतिक इतिहासमा विर्सनु हुँदैन । अदानसिंह कठायतले आफ्नो र समुदायको पुर्ख्यौली जमिन अधिग्रहण गरी एयरपोर्ट, चन्दननाथ मावि, कृषि अनुसन्धान केन्द्रजस्ता सार्वजनिक सम्पत्ति निर्माणमा नेतृत्व गर्नुभएको थियो भने । पूर्व पश्चिम राजमार्ग निर्माणका क्रममा यातायात मन्त्रीको हैसियतले चिसापानी खण्डको सडकसम्बन्धी ठेक्कामा अन्तर्राष्ट्रिय स्वार्थ बाझिएपछि राष्ट्र र राष्ट्रियताको पक्षमा मन्त्रीबाटै राजीनामा दिएर हरिश्चन्द्र महतले गरेको त्याग पनि नयाँ राजनीतिककर्मीका लागि अनुकरणीय छदैछ ।

२०४६ को प्रजातान्त्रिक आन्दोलनलाई सफल पार्न क्रान्तिकारी राजनीतिज्ञहरु रामकृष्ण बुढथापा, देविलाल थापा, भक्तबहादुर रोकाया, डिल्ली महतलगायतले जुम्ला, डोल्पा र कालिकोट जेलमा भोगेको यातनापूर्ण कैदी जीवनलाई पनि हामीले विर्सन सक्दैनौँ । २०४६ को परिवर्तनपश्चात २०४८ मा डिल्ली महत, २०५१ मा भक्तबहादुर रोकाया, २०५६ मा देविलाल थापाले जुम्लाको जनप्रतिनिधिको रुपमा सेवा गर्नुभएको छ ।

जुम्लाको राजनीतिक इतिहासमा नयाँ विचार र सिद्धान्त निर्माणको चरणमा डा. भीमबहादुर खत्री, अग्निप्रसाद उपाध्याय, हरिबहादुर भण्डारी, तोयानाथ योगीलगायतको योगदान छ । क्रान्तिकारी विचारलाई सङ्घर्षमा अनुवाद गर्न सहिद परानबहादुर धराला, हरिकृष्ण पाण्डे, पृथ्वी रावल, हरिकृष्ण भण्डारी, रकम शाही, दुर्ग शाहीजस्ता १९८ जना जनमुक्ति सेना, नेता तथा कार्यकर्ता, सर्वसाधारणले जनयुद्धमा बलिदान गर्नुभयो । यही जनयुद्धको बलिदानको जगमा नरेश भण्डारी २०६४ को प्रथम संविधानसभामा निर्वाचित हुनुभयो भने समानुपातिक प्रतिनिधित्व देविलाल थापाले गर्नुभयो । प्रथम संविधानसभाकै अवधिमा डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन र कर्णाली विकास आयोग गठन भए । २०७० को दोस्रो संविधानसभामा जुम्लाबाट ललितजंग शाही, बलबहादुर महत, गोमा कुँवर, डिल्लीप्रसाद काफ्लेले जुम्ली जनताको प्रतिनिधित्व गर्नुभयो । उहाँहरु नेपालको संविधान २०७२ का ऐतिहासिक हस्ताक्षरकर्ता हुनुहुन्छ ।

२०७२ साउन २३ गते राज्यपुर्नसंरचनाको खाका प्रस्तावित भएपछि कर्णालीले आन्दोलन गरेर जुम्लाका हरिबहादुर कुँवर, सुर्खेतका यामबहादुर विसी, टिकाराम गौतम र गोपालसिंह रजवारको बलिदानको जगमा आजको कर्णाली प्रदेश बनेको सर्वविदितै छ । यो संविधानले निर्माण गरेको सङ्घ, प्रदेश र स्थानीय तहको संरचनाअनुरुप २०७४ मा गजेन्द्रबहादुर महत 'कार्मा' ले सङ्घमा, नरेश भण्डारी र पदम रोकायाले कर्णाली प्रदेश संसदमा प्रतिनिधित्व गरे । त्यस्तै २०७९ को प्रतिनिधिसभामा ज्ञानेन्द्रबहादुर शाहीले प्रत्यक्ष, कान्तिका सेजुवाल,

विनिता कठायत र छिरिङ ल्यामु लामाले समानुपातिकबाट सङ्घको प्रतिनिधित्व गर्नुभयो भने देवेन्द्रबहादुर शाही र टेकराज पछाईले प्रदेशको प्रतिनिधित्व आजपर्यन्त गरिरहनु भएको छ ।

## वैकल्पिक राजनीतिको आवश्यकता

*आदरणीय जनसमुदाय*

नेपालको संविधान २०७२ ले संस्थागत गर्न खोजेको गणतन्त्र/लोकतन्त्रलाई २०८२ सम्म आइपुग्दा नेतातन्त्रले कब्जा गऱ्यो । राजनीतिक दल र जनतामा वास्तविक अभिव्यक्ति स्वतन्त्रताको नियन्त्रण, नेताको देवत्करण, संस्थागत भ्रष्टाचारको केन्द्र पार्टी केन्द्रीय नेतृत्व हुँदै पक्षपात, नातावाद, कृपावाद, गुटवादको केन्द्रका रुपमा नेतातन्त्रको विकास भयो । नेतातन्त्रका गाउँतहसम्मै जराहरु फैलिएका छन् । यो तन्त्र नढाली त्याग र बलिदानबाट स्थापित लोकतन्त्र, गणतन्त्रको रक्षा नहुने भएकाले बैकल्पिक राजनीति र कडा आन्दोलनको आवश्यकता भएको पृष्ठभूमिमा नवयुवाहरुको नेत्रित्वोमा २०८२ भदौ २३ र २४ गते आन्दोलन भयो । पुराना दलहरुले गरेको अत्याचार बिरुद्द भएको नवयुवा आन्दोलनका माग र एजेन्डाहरुलाई संस्थागत गर्न फागुन २१ गते नयाँ जनप्रतिनिधिसभाको निर्वाचनको घोषणा भएको छ । यो निर्वाचनमा नेतातन्त्रको अन्त्य, संसदीय व्यक्तिवादको भण्डाफोर गर्दै जुम्ला र जुम्ली जनसमुदायको सर्वाङ्गीण विकासका निम्ति योगदान पुऱ्याउने निस्वार्थ सेवक बन्न प्रगतिशील लोकतान्त्रिक पार्टीबाट प्रत्यक्ष तर्फको उम्मेद्वारी दिएको छु ।

## मेरो उम्मेद्वारी किन ?

### क) समृद्ध इतिहासको पुर्नजागरणको सङ्कल्प गर्न

*आदरणीय जनसमुदाय*

जुम्ला सिंजा साम्राज्य, सुनारगाउँ र छिनासिम राज्यबाट शाषित हुँदै इतिहासको गौरवले भरिपूर्ण भूगोल हो । यहाँका प्रत्येक जनसमुदायको भाषा, साहित्य, संस्कृति, अर्थतन्त्र विकासमा ऐतिहासिक योगदान छ । खस सभ्यताले आजको नेपाल निर्माणमा ऐतिहासिक र मौलिक भूमिका निर्वाह गरेको छ । जुम्ला सिंजाले आजको नेपालभन्दा ठूलो भूगोलको नेतृत्व गर्दथ्यो । अर्कोतिर तेह्रौं, चौधौं शताब्दीमा खस सभ्यताले ओगटेको भूगोल नै आजको नेपालको महत्वपूर्ण क्षेत्रका रुपमा रहेको छ । त्यो शासन व्यवस्थाका जगमा नै नेपालभरि धेरै थर, संस्कृति र परम्परा विकास भए । नेपाल, भारत, भुटानदेखि विश्वभरि छरिएका मस्टोपुजकहरु आफ्ना पूर्खाहरु कर्णालीवासी भएको, मातृभूमि कर्णाली भएकोमा गौरव गर्दछन् । संसारभरि फैलिएका खस सभ्यताका मानिसहरुलाई पुर्ख्यौली सिंजासँग जोड्दै सिंजा सभ्यतालाई पुर्नजीवित गर्न विशेष भूमिका खेल्न मैले उम्मेद्वारी दिएको हुँ । म आफै सानोमा बर्दिया बसाई सर्दै देश विदेश घुमेर मातृभूमिको सेवा गर्न मैदानमा उत्रिनुको खास कारण जुम्लालाई विश्वसँग जोडेर खस सभ्यताको गौरवलाई पुर्नस्थापित गर्नका लागि हो । योगी नरहरि नाथले गर्नु भएको अन्वेषणलाइ उच्च सम्मान गर्दै सिंजा सभ्यताको अध्ययन उत्खनन गरिनेछ । सिंजा सभ्यतालाई युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने नीतिगत र विधिगत तयारी गराइनेछ । अन्तर्राष्ट्रिय जगतलाई खस सभ्यता चिनाउने गरी खस अन्तरास्ट्रिय खुला सङ्ग्राहलय बनाइनेछ । जुम्ला सभ्यताको जीवित संग्राहलय हो भन्ने कुरा स्थापित गरिनेछ ।

### ख) जुम्लाको नीतिगत नेतृत्वको सङ्कल्प

जुम्ला नेपालको एक विशिष्ट ऐतिहासिक पहिचान भएको जिल्ला हो । यो जिल्ला उत्तर तिब्बत र दक्षिण भारतको कुनै बेला ऐतिहासिक व्यापारिक नगर हो । सिँजानगरले तिब्बत र दक्षिणका बादशाहको व्यापारसम्बन्ध जोडेर खस साम्राज्यलाई हराभरा बनाएको थियो । जुम्लाको तिब्बतसँगको भोटेनुन कारोबार त केही दशक अघिसम्म कायमै थियो । दक्षिण र तिब्बत जोड्ने व्यापारिक केन्द सिंजा अहिले मृत लामाथाडामा रुपान्तरण भएको छ । लामाथाडा मृत भए पनि त्यो क्षेत्रको व्यापारिक क्षमता घुमन्ते व्यापारका रुपमा आजपर्यन्त जीवितै छ । सिंजानगरको व्यापारिक क्षमतालाई अभिवृद्धि गर्दै डिजिटलाइजेसन गर्न, उत्तर दक्षिण राजमार्गको विकासलाई जुम्लासँग कनेक्ट गर्न र अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रका रुपमा जुम्लालाई विकास गर्न म संसदमा नीतिगत सेवा गर्न चाहन्छु । विज्ञान र प्रविधिको अन्वेषणमा प्रवृत्त गर्दै जुम्लाबाट विश्वस्तरीय दक्ष जनशक्ति विकासमा पहल गर्नु नितान्त आवश्यक छ ।

### ग) पर्यटन विकासको सङ्कल्प

जुम्लाको गौरवपूर्ण इतिहास , सस्कृति र अर्थतन्त्रको पुर्नजागरण गर्न पर्यटनलाई नजोडी सम्भव छैन । गिडीदह, तातोपानी, गोठीचौर, पातारासी, तिला, हिमा र जवा नदीजस्ता प्राकृतिक सम्पदा, बाबिरा, भूरिचुला, लामाविष्णु, केदारनाथ, वुडु मस्टोजस्ता

धार्मिक सम्पदा, मागल, देउडा, हुड्के, खस भाषाजस्ता अमूर्त सांस्कृतिक सम्पदालाई जोडेर पर्यटन प्रवर्द्धनको योजना बनाउनु जरुरी छ । मानवीय क्षमता र प्रतिभाको विकास गरी लेकदेखि गाडसम्मका भौगोलिक विविधता, जैविक विविधता र सामाजिक विविधतालाई पर्यटनसँग जोड्नुपर्दछ । एउटा पुतलीको लार्भा यार्सा बनेर कर्णालीलाई चम्काइरहेको छ भने हामीले लुकेका यस्ता पुतलीहरुको खोज गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ । सिंजा, खस सभ्यताको अन्तर्राष्ट्रियकरण, जुम्लाको आन्तरिक पर्यटन सर्किट निर्माण गरी समुदायले लाभ लिने गरी होमस्टेहरुको विकास गर्दै खाद्य संस्कृतिलाई उन्नत बनाइने छ ।

## घ) कृषि क्रान्तिको सङ्कल्प

जुम्ला स्याउ, ओखरजस्ता फलफूल, मार्सी, सिमी, चिनु, कागुनो फापर , जौ जस्ता रैथाने अन्नबालीको व्यापक प्रवर्द्धन भएका छन् । जुम्लाको कृषि उत्पादनमा विउ, नर्सरीदेखि बजारीकरणसम्मको सुधार नगरी कृषि क्रान्ति सम्भव छैन । टुक्रे जमिनका कारण सामुदायिक फार्म र खेतीमा जानुपर्ने स्थिति छ । ठीक त्यसरी नै पशुपालनको आधुनिकीकरण गर्नु जरुरी छ । समग्रमा जुम्लामा कृषिमा आश्रित जनशक्तिलाई दक्ष बनाउँदै कृषिमा नवीन प्रविधि, सोचलाई जोड्न चाहन्छु ।

## ङ) शिक्षा, स्वास्थ्यक्षेत्रको सङ्कल्प

जुम्लालाई हिमाली क्षेत्रको विश्वव्यापी नयाँ शैक्षिक तथा स्वास्थ्य गन्तव्यको रुपमा विकास गर्न सकिन्छ । गर्भाधान भए देखि १८ बर्ष उमेर पुगुन्जेल सम्मको लागि आमा र बालकको स्वास्थ्य तथा शिक्षाको बैज्ञानिक योजना निर्माण गरि कार्यन्वोयनको नीतिगत र विधिगत कार्यक्रम निर्माण गरिनेछ। हाल जुम्लामा भएका कर्णाली प्राविधिक शिक्षालय, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, उच्च पर्वतीय भेडावाख्रा अनुसन्धान प्रतिष्ठान, जुम्ला बहुमुखी क्याम्पस, सिंजा बहुमुखी क्याम्पसको स्तरोन्नति गर्दै शिक्षा र स्वास्थ्यको नयाँ हवमा जुम्लालाई विकास गर्न योगदान गर्ने ठोस योजना बनाएर अघि बढिनेछ । जुम्लामा परम्परागत रुपमा प्रचलनमा रहेका मौलिक रोजगारमूलक सिपहरुलाई प्राज्ञिक मान्यता दिन पहल गरिनेछ । वडा र समुदायस्तरसम्म सुविधा सम्पन्न पुस्तकालय निर्माण गरिनेछ । शिक्षालाई प्रविधिमैत्री बनाउँदै एक विद्यालय एक कम्प्युटर ल्याव तथा अन्य प्रविधिलाई स्थापित गरिनेछ । जुम्लालाई २४ सै घन्टा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने क्षेत्रमा विकास गर्न नीतिगत सुधारमा जोड दिइनेछ । जडिवुटीको प्राकृतिक केन्द्र भएकाले जुम्लालाई आयुर्वेदिक औषधि उत्पादन गर्ने जिल्लामा रुपान्तरण गरिनेछ । सिंजामा सुविधासम्पन्न अस्पताल निर्माण गर्न नीतिगत पहल गरिनेछ ।

## च) पूर्वाधार विकासको सङ्कल्प

जुम्लाको विकास निर्माणलाई दूरगामी सोंच र योजनामा आधारित बनाउनु जरुरी छ । पहुँचका आधारमा योजना बनाउने, योजना डुप्लिकेट गर्ने, योजना कार्यान्वयन नगरी भ्रष्टाचार गर्ने प्रवृत्तिलाई दुरुत्साहित गर्दै योजनावद्ध विकासमा जोड दिनु जरुरी छ । विजुली, सडक, टेलिफोन, इन्टरनेट, खानेपानी, सिँचाइ, पुलजस्तो पूर्वाधार विकास गर्न राज्य, सरोकारवाला निकायसँग प्रभावकारी समन्वयबाट विकास गरिनेछ । जुम्लामा सघन वस्ती परम्परा भएकोले ढल, फोहोर व्यवस्थापन र उर्जाको गुणस्तरीय सेवाका लागि पूर्वाधार निर्माण, स्तरोन्नति र नवीन र ब्यवस्थित बस्ती निर्माणको योजना बनाइने छ । जुम्लालाई भौतिक तथा सूचनासंचारबाट आन्तरिक तथा वाह्य कनेक्टिभिटी पूर्वाधार विकास गरिनेछ ।

## छ) युवा रोजगारी सिर्जनाको सङ्कल्प

जुम्लाको कृषिमा रुपान्तरण, शिक्षा र स्वास्थ्य क्षेत्रको रुपान्तरण, पर्यटन तथा पूर्वाधारको विकासलाई युवा रोजगारीसँग जोड्नु जरुरी छ । यदि कुनै पनि संरचनाले सेवा र रोजगारी सिर्जना गर्न सकेका छैनन भने ती प्रभावकारी हुँदैनन् । हरेक योजनालाई रोजगारी सिर्जनासँग जोडिने छ । आधारभूत सीप नभएकोले भारतदेखि खाडीसम्म कठिन परिश्रममा युवाहरु जोतिएका छन् । यो परिस्थिति रुपान्तरण गर्न सीपमूलक, रोजगारमूलक युवा जनशक्ति विकासमा जोड दिइनेछ । परम्परागत स्वरोजगारमूलक उद्योगलाई आधुनिकीकरण गरिनेछ । साना उद्योगहरु र उद्यमशीलतालाइ अनुदानमुखी होइन दीगो विकास, अर्थतन्त्रमा टेवा दिने र रोजगारी सिर्जना गर्न सक्ने वातावरण बनाइनेछ ।

## ज) सुशासन र समावेशीकरणको सङ्कल्प

कुशासनका विरुद्ध सुशासनको पक्षपोषण गर्न म जुम्लामा आएको हुँ । संस्थागत, नीतिगत भ्रष्टाचारलाई न्यूनीकरण गर्दै हरेक मानिस, समाज र समुदायले नैतिकमूल्य प्रवर्द्धन गर्नु पर्दछ । सुशासन, समावेशीकरण समाजले अवलम्वन गर्ने सामाजिक उत्तरदायित्व हो । महिला, दलित, अपांग, बृद्ध , घाइते, उत्पीडित वर्ग, क्षेत्रलाई समाजको नेतृत्वदायी वर्ग, सक्षम र सवल वर्गमा रुपान्तरण नगरी समाजको चौतर्फी विकास हुँदैन । समाजको सर्वाङ्गीण

विकास, सुशासन र समावेशीकरण लागू गरिनेछ ।

*आदरणीय जनसमुदाय !*

जुम्ली जनताको अभिमतबाट निर्वाचित भएर जनताको नीतिगत सेवा गर्ने थलो प्रतिनिधिसभामा सांसद बनेर राजकीय नीति, विधि र स्रोतको बाँडफाँडमा जाने स्वभाविक बजेटलाई पनि आफैँले लिएको भनेर जनसमुदायलाई भ्रमित गर्ने, एक सांसद जनसमुदायको कारिन्दाबाट आफूलाई मालिक ठान्ने प्रवृत्तिलाई म संसदीय व्यक्तिवाद ठान्दछु । राज्यको नीति र प्रणालीलाई भौगोलिक क्षेत्रको जनसमुदायमुखी बनाउन सांसदको सक्रियता र पहलकदमीको हात हुन्छ । विकास भनेको जनसमुदायको आवश्यकता र समस्याहरुको समाधान गर्ने नीतिगत र भौतिक सम्बोधन हो । व्यक्तिगत पहलकदमीबाट मात्र कुनै पनि क्षेत्रको कायापलट सम्भव छैन । व्यापक जनसमुदायको सहभागिता र नेतृत्वको सचेत पहलकदमी विना कुनै पनि कार्य अघि बढ्दैन । हामी कुनै बाहुबली नेताले मात्रै समाज विकासको ठेक्का लिन्छ भन्ने भाष्य परिवर्तन गरेर आम जनताको सामूहिक सपना र त्यो सपनालाई सामूहिक रुपमा कार्यान्वयन गरेर विपनामा परिणत गर्न सकिन्छ भन्ने विश्वास गर्दछौ ।

*अन्त्यमा*

*आदरणीय जनसमुदाय !*

जुम्लाको भूगोल, माटो र जनसमुदायको संघर्ष र पीडालाई नजिकबाट बुझेको तपाईंहरूकै एउटा प्रतिनिधि हुँ । मेरो ३० वर्षको पत्रकारिता र राजनीतिक यात्रा जुम्लाको स्वाभिमान उच्च राख्न र यहाँको उपेक्षित आवाजलाई राज्यको केन्द्रसम्म पुऱ्याउनका लागि थियो । म त्यो प्रतिनिधि हुनेछैन जो चुनाव जितेपछि काठमाडौँका महलहरूमा हराउँछ । म तपाईंहरूको दुःखमा साथ दिने र जुम्लाको समृद्धिका लागि संसदमा निर्भीकताका साथ गर्जने पहरेदार हुनेछु । सांसद हुनु मेरो लागि व्यक्तिगत लाभको विषय होइन । मेरो उम्मेदवारी जुम्लाका प्रत्येक गाउँपालिका र वडालाई बलियो बनाउँदै राजनीतिलाई पुनः जनताको हातमा फर्काउने एउटा पवित्र अभियान हो ।

हिमाल, तालतलैया, प्रकृतिका उपहार हामीसंग छन्। हाम्रो पसिनाको रैथाने उत्पादन स्याउ, सिमि र मार्सी चामलको गौरव, पशुपालनको प्रचुरता, सिञ्जा सभ्यताको इतिहास र हाम्रा परिश्रमी युवाहरूको अनुभव, ज्ञान र ऊर्जा छ । विश्वव्यापी रुपमा भइरहेको मौसम परिवर्तनको प्रभाव र सूचनासंचार तथा विज्ञान प्रबिधिमा समेत भएको उन्नतिको गतिसँग सहयात्रा गर्दै अबको पाँच वर्षमा जुम्लालाई कर्णालीको मात्र होइन देशकै समृद्धिको एक नमूना जिल्ला बनाउने मेरो अटल सङ्कल्प छ । भ्रष्टाचार र कुशासनको सञ्जाल तोड्दै "दासताको होइन, आस्थाको र स्वार्थको होइन, सेवाको र सपनाको होइन सङ्कल्पको राजनीति गरौँ" भन्ने मेरो नारालाई म व्यवहारमा उतारेर देखाउने छु । उच्च तहका योजनाकारबाट भुइँ तहका जनताको अनुभव र ज्ञानलाई केन्द्रमा राखेर जुम्लाको समृद्धि र विकासको खाका गरिनेछ । आउनुहोस्, जुम्लाको पहिचान र समृद्धिका लागि यो वैकल्पिक यात्रामा मलाई साथ दिनुहोस् । हामी सबै मिलेर हाम्रा आगामी पुस्ताका लागि एक सुन्दर, सुशिक्षित, सभ्य, स्वस्थ, स्वाभिमानी र स्वावलम्बी जुम्ला निर्माणको साझा सङ्कल्प गरौँ !

**मनऋषि धिताल**

**प्रतिनिधिसभा निर्वाचन २०८२, जुम्ला**

**प्रगतिशील लोकतान्त्रिक पार्टी**

**९८४९६६४६५०**